कार्यक्रम संचालनको लागी प्रस्ताव आव्हान सम्वन्धि सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०८/०६ गते)

सुचना नं. ३

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुकुम पुर्वको आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तपशिलका कार्यक्रमहरुमा पर्याप्त प्रस्ताव नआएकोले यस परियोजना कार्यान्वयन एकाइ, रुकुम पूर्वमा सूचीकृत भएका इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमि फर्म/जल उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित दोश्रो पटक सूचना प्रकाशन भएको मिति २०८०/०८/०६ गते देखि २०८०/०८/२० गते (१५दिन) भित्र परियोजना कार्यान्वयन एकाइ, रुकुम पूर्वमा प्रस्ताव पेश गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क.स. | कार्यक्रम/कियाकलाप | एकाई | लक्ष्य | वजेट (रु. लाखमा) | उपलव्ध हुने अनुदान | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | १ | १५ | बढिमा ८५ % | आलु जोन, रुकुम पुर्व |
| २. | चक्लावन्दिमा जोन संचालनको लागी सहकारी र निजि क्षेत्रवाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | संख्या | २ | १० | बढिमा ५० % | आलु जोन, रुकुम पूर्व |
| ३. | प्राविधिक शिक्षालयको साझेदारिमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | १ | १० | बढिमा ७५ % | रुकुम पूर्व र रोल्पा |

कार्यक्रम संचालन हुने कार्यक्षेत्रहरु

| | |
|---|---|
| ओखर जोन रुकुम पूर्वको कार्यक्षेत्रः | रुकुम पुर्व जिल्लाभरी |
| आलु जोन रुकुम पूर्वको कार्यक्षेत्रः | सिस्ने गाँउपालिका वडा नम्वरः- ४,५ र ६<br>भुमे गाँउपालिकाः- १, २, ६ र ७<br>पुथाउत्तरगंगा गाँउपालिकाः- ८, १०, ११ र १२ |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. रु १०/- को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन

२. कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाण पत्र, नविकरण, प्यान/भ्याट दर्ता प्रमाण पत्र, गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

३. कृषक समुह/कृषि सहकारीको हकमा योजना माग सम्वन्धमा गरिएको वैठकको निर्णयको प्रतिलिपि/जिम्मेवारी तोकिएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४. सम्वन्धित स्थानीय तह (गाँउपालिका, नगरपालिका वा वडा-कार्यालय) को सिफारिस पत्र

५. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने छ र रित नपुगि र म्याद नाघि प्राप्त निवेदन उपर कुनै कार्यवाहि हुने छैन ।

नोटः

१. विगत आ.व.हरुमा यस कार्यालयवाट अनुदान प्राप्त नगरेका कृषक समुह/कृषि सहकारी र कृषि उद्यमि फर्महरुलाई विशेष प्राथमिकता दिइनेछ ।

<u>थप जानकारीका लागि</u>

परियोजना कार्यान्वयन एकाई, रुकुम पूर्व- ०८८-४१३११४, ९८५७८७७०२३

२०८०।८।६

☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
रुकुम पूर्व
(कार्यक्षेत्रः रुकुम पूर्व र रोल्पा)

प.सं. : २०८०/८१
च.न. :

## कार्यक्रम सञ्चालनको लागी पुनः प्रस्ताव आह्वान तथा छुटफुट कागजात पेस सम्बन्धी सुचना
(दोश्रो पटक प्रकाशित मितिः २०८०/०८/१४)

### सूचना नं. ४

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई रुकुम-पूर्वको आ.व. २०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रथम पटक सुचना प्रकासन गरिएकोमा सरोकारवालाबाट आवेदन पेश भएता पनि केहि कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी बाट करचुक्ताको प्रमाणपत्र लगायतका अन्य केहि कागजात पेस गर्न छुटेको र छुटेका कागजात जम्मा गर्ने म्याद थप गरिदिन यस कार्यालयमा अनुरोध आएकोले गर्दा भौगोलिक विकटता तथा किसानको हितलाई मध्यनजर गर्दै मिति २०८०/०६/२९ गते भित्र यस कार्यालयमा प्राप्त आवेदनहरुको छुटफुट कागजातहरू मिति २०८०/०८/२८ गते (१५ दिन) भित्र परियोजना कार्यान्वयन एकाई रुकुम-पूर्व वा जोन प्राविधिक एकाई रोल्पामा पेश गर्नुहुन यो सुचना पेस गरिएको छ ।

**पुनश्चः** आलु जोन रोल्पा अन्तर्गत 'आलु चिप्स उद्योग स्थापना सहयोग कार्यक्रम' मा प्राप्त आवेदनमा कुनै पनि आवेदनहरु घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत दर्ता भई नआएकोले सम्बन्धीत निकायमा दर्ता तथा यस कार्यालयमा सुचीकृत भई माथी सूचनामा तोकिएको मिति भित्र आवश्यक कागजात सहित पुनः प्रस्ताव पेस गर्नुहुन अनुरोध छ।

**आवश्यक कागजातहरु**

१. रु.१०/- को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन।
२. घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत उद्योग दर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धीत स्थानिय तह (गाउँपालिका, नगरपालिका वा वडा कार्यालयको सिफारिस पत्र)
४. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ र रित नपुगि र म्याद नपुगि प्राप्त निवेदन उपर कुनै कारवाहि हुने छैन।

<u>थप जानकारीको लागी</u>

परियोजना कार्यान्वयन एकाई रुकुम-पूर्वः ०८८-४१३११४, ९८५७८७७०२३
जोन प्राविधीक एकाई रोल्पाः ०८६-४४०१८८, ९८५७८२६१८८